नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार विकास सहयोग एसडिसि

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रकाशित मिति : २०७७ जेठ १४ गते**

सुरक्षित आप्रवासन (सामी) परियोजना नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको द्विपक्षिय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ । यस परियोजनालाई हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । हाल यस परियोजना गोरखा जिल्लामा गोरखा नगरपालिका, पालुङ्गटार नगरपालिका, बारपाक सुलिकोट गाउँपालिका र शहिद लखन गाउँपालिकामा संचालन भएको जानकारी गराउदै परियोजनाको समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तिय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि एकिकरण नेपाललाई निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्यता पुगेको नेपाली नागरिकहरुबाट तल उल्लेखित पदहरुका लागि दरखास्त आव्हान गरिएको छ ।

**१.विज्ञापन न. १**

**क) पद :आप्रवासी श्रोत केन्द्र सूचना तथा परामर्शकर्ता**

**ख) पद संख्याः २ जना**

**ग) न्युनतम शैक्षिक योग्यता तथा अनुभवः न्युनतम प्रविणता प्रमाणपत्र तह वा** १०+२ उतिर्ण गरेको हुनु पर्ने छ ।

**घ)अनुभवः** परामर्श कार्यमा वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव, सुरक्षित बैदेशिक रोजगारिको क्षेत्रमा काम गरेको तथा जिल्लामा चलन चल्तिको स्थानीय भाषा जानेको, कम्प्युटर सफ्टवेयरहरु (MS word, Excel, Power point) चलाउन जानेकोलाई प्राथमिकता दिईने छ ।

**ङ) प्रथामिकताः** महिला र पुरष १/१ जना

**२.विज्ञापन नः २**

**क) पदः मनोसामाजिक परामर्शकर्ता (महिला मात्र)**

**ख) पद संख्याः४ जना** (गोरखा न.पा.१ जना, पालुङ्गटार न.पा.१ जना, बारपाक सुलिकोट गा.पा.१ जना र शहिद लखन गा.पा.१ जना)

**ग) न्युनतम शैक्षिक योग्यताः** न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण गरेको हुनु पर्ने छ ।

**घ)अनुभवः** मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्य अनुभव वा सो सम्बन्धि आधारभूत तालिम लिएको वा परामर्श सम्बन्धि १ वर्षको अनुभव रहेको र सुरक्षित बैदेशिक रोजगारिको क्षेत्रमा काम गरेको उम्मेदवारलाई प्राथमिकता दिईने छ । २५ वर्ष भन्दा माथिको उमेर समुहलाई प्राथमिकता दिईने छ ।

**३.विज्ञापन न. ३**

**क) पदः बित्तिय साक्षरता सहजकर्ता (महिलालाई प्राथमिकता)**

**ख) पद संख्याः ४जना** (गोरखा न.पा.१ जना, पालुङ्गटार न.पा.१ जना, बारपाक सुलिकोट गा.पा.१ जना र शहिद लखन गा.पा.१ जना)

**ग) न्युनतम शैक्षिक योग्यताः**न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण गरेको हुनु पर्ने छ ।

**घ) अनुभवः**वित्तिय संस्था ,सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको सुरक्षित बैंदेशिक रोजगारीको क्षेत्रमा काम गरेको उम्मेदवारलाई प्राथमिकता दिइने छ । २५ वर्ष भन्दा माथिका उमेर समुह र महिलाहरुलाई प्राथमिकता दिईने छ ।

**४.विज्ञापन न. ४**

**क) पदः रिटर्नी स्वयंसेवक,**

**ख) पद संख्याः १२ जना** (गोरखा न.पा. ३ जना, पालुङ्गटार न.पा.३ जना, बारपाक सुलिकोट गा.पा.३ जना र शहिद लखन गा.पा.३ जना)

**ग) आवश्यक योग्यता तथा अनुभवः** न्यूनतम कक्षा ८ पास गरि बैदेशिक रोजगार (खाडी मुलुक वा मलेशियामा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको, सुरक्षित बैदेशिक रोजगारिको क्षेत्रमा काम गरेको सम्बन्धित स्थानिय तहको उम्मेदवारलाई प्राथमिकता दिईने छ ।

**कार्य अवधिः** हाललाई १५ जुलाई २०२० सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्ने ।

**परिक्षाको किसिमः लिखित तथा मौखिक**

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकताको फोटोकपी, अनुभवको प्रमाणपत्र कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको फोटोकपी र पासपोर्ट साईजको एक प्रतिफोटोका साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित संस्थाको कार्यालय गोरखा.न.पा. ११, सोह्रकिलो वा सम्बन्धीत स्थानीयतहमा पेश गर्नु पर्नेछ । समय भन्दा पछि आएका आवेदनहरुको मूल्यांकन गरिने छैन । रिटर्नी स्वयंसेवकको हकमा भिसा/पासपोर्ट पनि संलग्न गर्नु पर्ने छ ।

**छनौट प्रक्रियाः** प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, तथा अन्तर्रवार्ता परिक्षामा समावेश गरिने छ प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खास गरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ । साथै सबै विज्ञापनका हकमा संवन्धित स्थानिय तहको उम्मेदवारलाई विशेष प्राथमिकता दिईने छ ।

**दरखास्त दिने अन्तिम मितिः** यो सूचना प्रकाशित भएको मितिले १५ दिन (पन्ध्र दिन)को दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । वा तल उल्लेखित इमेलमा पनि पठाउन सकिनेछ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट फारम बुझाउन सकिने छ ।


**एकिकरण नेपाल गोरखा**
गोरखा नगरपालिका ११, सोह्रकिलो, गोरखा
फोन नं ९८५६०७०१४१
इमेल mrcgorkha@gmail.com
**वा माथि उल्लेखित नगर तथा गाँउपालिकाको सामाजिक विकास शाखाहरु**


गोरखा नगरपालिका गोरखा
पालुङ्गटार नगरपालिका, गोरखा
वारपाक सुलीकोट गाउँपालिका
शहिद लखन गाँउपालिका गोरखा